# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं.- ००८/२०८०/०८१ मिति:- २०८०/११/१५

**विषय:- नवउद्यमी युवा प्रतिभा प्रोत्साहनको लागि व्यवसायिक प्रोफायल पेश गर्ने सम्बन्धी सूचना।**

श्री सम्पूर्ण नवउद्यमी युवाहरु,
याङवरक गाउँपालिका,
पाँचथर।

प्रस्तुत विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपालको च.नं. ८६२, मिति-२०८०/१०/२६ गतेको प्राप्त पत्र अनुसार आ.व. २०८०/०८१ को राष्ट्रिय युवा परिषद (संघ ससर्त) कार्यक्रम अन्तर्गत नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन हुने भएकोले यस याङवरक गाउँपालिकाभित्र उद्यम गरिरहेका १६ देखि ४० वर्षका उल्लिखित योग्यता पूरा भएका इच्छुक नवउद्यमी युवाहरुलाई तोकिएको समयसीमाभित्र संलग्न ढाँचामा आवश्यक कागजात सहितको विस्तृत व्यवसायिक प्रोफायल पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः मन्त्रालयको सूचना र विस्तृत व्यवसायिक प्रोफायलको ढाँचा यसै सूचनासाथ संलग्न गरिएको छ।

वोधार्थ-

१. श्री अध्यक्ष ज्यूको सचिवालय, याङवरक गाउँपालिका, थर्पु, पाँचथर।
२. श्री उपाध्यक्ष ज्यूको सचिवालय, याङवरक गाउँपालिका, थर्पु, पाँचथर।
३. श्री सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, याङवरक गाउँपालिका, थर्पु, पाँचथर। (आवश्यक जानकारीको लागि)
४. श्री सम्पूर्ण वडा कार्यालयहरु, याङवरक गाउँपालिका, थर्पु, पाँचथर। (सूचना टाँस गरी जानकारी दिनुहुन)
५. श्री सूचना तथा प्रविधि शाखा, याङवरक गाउँपालिका, थर्पु, पाँचथर। (गाउँपालिकाको आधिकारिक Web Site र Facebook Page मा सूचना प्रकाशन गरिदिनुहुन साथै वडा कार्यालयहरुमा सूचना सम्प्रेषण गरिदिनु हुन)

२०८०/११/१८

............................
स्काई पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ०२४-४१००४८, ०२४-४१००४९

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

शिक्षा युवा तथा खेलकुद महाशाख

पत्र संख्या: २०८०।०८१
चलानी नं: ८६२

मिति: २०८०/१०/२६

**नवउद्यमी युवा प्रतिभा प्रोत्साहनका लागि व्यवसायिक प्रोफायल पेश गर्ने सम्वन्धी सूचना।**

आ.व. २०८०।८१ को राष्ट्रिय युवा परिषद (संघ ससर्त) कार्यक्रम अन्तर्गत नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन हुने भएकोले कोशी प्रदेशभित्र उद्यम गरिरहेका १६ देखि ४० बर्षका तपसिलमा उल्लेख भए बमोजिमको योग्यता पुरा भएका इच्छुक नवउद्यमी युवाहरुले यो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र संलग्न ढाँचामा आवश्यक कागजात सहितको विस्तृत व्यवसायिक प्रोफायल यस महाशाखामा पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छः

**तपसिल**

१) उद्यम शुरु भएको एकबर्ष पुरा भएको र पाँच बर्ष ननाघेको हुनुपर्नेछ।

२) लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उद्यमलाई प्रतियोगितामा सहभागिताका लागि प्राथमिकता दिइनेछ।

३) प्रतियोगितामा सहभागी हुने लघु उद्यमको हकमा घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँ सम्म स्थिर पुँजी रहेका, बार्षिक कारोबार १ करोड रुपैयाँ भन्दा कम रहेका र इञ्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बिद्युतिय उर्जा इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीसकिलोवाट भन्दा कम भएका र घरेलु उद्योगको हकमा श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा सँस्कृतिमा आधारित र इञ्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको बिद्युतीय उर्जा प्रयोग गरेका हुनुपर्नेछ। अन्य उद्यमको हकमा समेत स्थिर पुँजी र बार्षिक कारोबार रकम लघु तथा घरेलु उद्यम सरह हुनुपर्नेछ।

४) म्याद समाप्त भएपश्चात देवनागरी लिपिको वर्णानुक्रम अनुसारको प्रतियोगीहरूको नामावली तयार गरी नवउद्यमी नामावली मन्त्रालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशन गरिनेछ।

५) नवउद्यमी युवाहरुले पेश भएका व्यवसायिक प्रोफायलको अध्ययन तथा आवश्यकतानुसार उद्यमको स्थलगत निरीक्षण गरी मूल्याङ्कन समितिले प्रतियोगीहरुको अन्तिम सूची तयार गरी प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति र समय निर्धारण गर्नेछ।

६) निर्धारित मिति र समयमा मन्त्रालयले प्रदेशस्तरको प्रस्तुतीकरण कार्यक्रम आयोजना गरी मूल्याङ्कन समिति मार्फत प्रतियोगीहरुको अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट तीन युवा उद्यमी छनोट गर्नेछ। उत्कृष्ट पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने युवालाई मन्त्रालयबाट क्रमशः एक लाख, पचहत्तर हजार र पचास हजार रुपैँया नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनेछ।

७) उत्कृष्ट तीन स्थान प्राप्त गर्ने युवाहरुलाई राष्ट्रिय युवा परिषदले आयोजना गर्ने राष्ट्रिय तहको नवउद्यमी युवा पहिचान तथा प्रोत्साहन कार्यक्रममा सहभागिताका लागि पठाइनेछ।

८) छनोटका अन्य आधार र प्रक्रिया राष्ट्रिय युवा परिषदको **नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०** बमोजिम हुनेछ।

९) **पेश गर्नुपर्ने विवरण तथा कागजातहरु:** उद्यमसँग सम्वन्धित विस्तृत उद्यम प्रोफायल, उद्यमीको नागरिकताको प्रमाणपत्र प्रतिलिपी, उद्यम दर्ता र नवीकरणको प्रमाणपत्र प्रतिलिपी, पान दर्ता, लेखापरीक्षण प्रतिवेदन, स्थानीय तहको सिफारिस र उद्यमको कम्तिमा ५ मिनेटको वर्णनात्मक भिडियो अनिवार्य पेश गर्नुपर्नेछ।

१०) थप जानकारी तथा सम्पर्कका लागि सम्पर्कः मोवाइल नः ९८४२०६१९४५

(फणिन्द्र खत्री)
महाशाखा प्रमुख

**बोधार्थ:**

श्री राष्ट्रिय युवा परिषद, सानोठिमी, भक्तपुरः

श्री सबै स्थानीय तह, कोशी प्रदेशः सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।

श्री घरेलु तथा साना उद्योग कार्यालयहरु, कोशी प्रदेशः सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।

कम्प्युटर अधिकृत श्री चन्द्रबहादुर तामाङ, सामाजिक विकास मन्त्रालय, विराटनगरः वेवसाइटमा अपलोड गरिदिनुहुन।

प्रतियोगितामा सहभागी हुनका पेश गर्ने विस्तृत व्यवसायिक प्रोफायलको ढाँचा

मिति :- २०८०/ /

श्री शिक्षा युवा तथा खेलकुद महाशाखा
सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश
विराटनगर।

**विषय :- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन प्रतियोगितामा सहभागी हुन पाऊँ।**

प्रस्तुत विषयमा तहाँको मिति / / गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम देहायका विवरण तथा कागजातहरु संलग्न गरी कार्यक्रममा सहभागीताका लागि निवेदन पेश गर्दछु।

(१) उद्यमसँग सम्बन्धित विवरणहरु

(क) उद्यमको संक्षिप्त परिचयः

उद्यमको नामः

रजिष्टर्ड ठेगानाः

सम्पर्क फोन नः ईमेल ठेगानाः

उद्यम सञ्चालन स्थलः

सञ्चालक/ व्यवस्थापकको नाम

पुँजीको विवरणं : ( स्थिर पुँजी घर जग्गा बाहेक )

वित्तिय श्रोत तथा लगानीः (आन्तरिक बाह्य लगानी)

कच्चा पदार्थको श्रोतः (स्वदेशी , विदेशी, स्थानीय रुपमा उपलब्ध, वा वाहिरबाट ल्याउनुपर्ने)

प्रमुख उत्पादन वा सेवाः (हालको उत्पादन)

वार्षिक उत्पादन क्षमताः

बजारः (स्थानीय , क्षेत्रिय, राष्ट्रिय , अन्तराष्ट्रिय)

(ख) जनशक्तिको विवरणः

स्थानीयः

बाह्यः

हाल कार्यरत संख्याः

थप रोजगारी सृजनाको सम्भावनाः

(ग) नविनतम प्रविधि वा रणनीतिको प्रयोग सम्बन्धि विवरणः (वस्तु /सेवा उत्पादन प्रकृया वा वितरण प्रकृया वा व्यवस्थापन वा वजारीकरणमा अपनाईएको नवीनतम रणनितिको विवरण)

(घ) वार्षिक कारोबार रकमः

(ङ) उद्यम कार्यान्वयनमा देखिएका समस्याः

(च) समस्या समाधानका लागि गरिएका प्रयासः

(छ) उद्योगको भावी सम्भावना सहितको कार्य योजनाः

(ज) स्टार्टअप सपोर्टको आवश्यकता :

**संलग्न विवरण तथा कागजातहरू :-**

क) उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफाईल

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) उद्यम दर्ता तथा नविकरणको प्रतिलिपि

घ) लेखापरीक्षण प्रतिवेदन

ङ) स्थानीय तहको सिफारिस

च) उद्यमको वर्णानात्मक भिडियो कम्तीमा ५ मिनेटको

निवेदक

दस्तखत : ....................

नाम, थर : ..........................

उद्यमको नाम र छाप

# नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८०

स्वीकृत मिति २०८०।०६।

१.प्रस्तावना:

राष्ट्रिय युवा परिषद्को आ.ब.२०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रदेश तथा संघीय तहमा नवउद्यमी युवा प्रतिभा पहिचान गरी प्रतियोगितात्मक प्रतिस्पर्धाका आधारमा प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो कार्यविधि तयार गरिएको छ ।

२.संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम" नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रमसञ्चालन कार्यविधि २०८० " रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी उपाध्यक्षबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

३.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रियामा,

(क) "प्रदेश मन्त्रालय" भन्नाले युवा सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने प्रदेश मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "युवा" भन्नाले यो कार्यक्रमका सन्दर्भमा सोह देखि चालिस वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम युवाहरुलाई सहभागी गराई सञ्चालन हुने युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले यो कार्यप्रक्रियाको दफा ६ बमोजिम गठित समितिहरु सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका,नगरपालिका ,उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ ।

(छ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ज) "कार्यकारी उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सम्झनुपर्दछ ।

(झ) "विज्ञ "भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्यक्ति सम्झनुपर्दछ ।

(ञ) "नवउद्यम " भन्नाले युवाद्धारा वस्तु वा सेवाको उत्पादन सञ्चालन र वितरणमा नविनतम सोचको प्रयोग गरी कम्तिमा पनि एक वर्ष अघिवाट व्यावसायिक रुपमा सञ्चालन भइ स्तरोन्नतीको सम्भावना रहेको लघुउद्यमलाइ सम्झनुपर्दछ ।यस्तो उद्यम एकल वा समूहमा सञ्चालन हुन सक्नेछ ।

(ट) "नवउद्यमी " भन्नाले नवउद्यमका सञ्चालकलाइ सम्झनुपर्दछ ।

(ठ) प्रोत्साहन भन्नाले प्रतियागितामा प्रथम दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने उद्यमीलाइ स्टार्टअप सहयोगको लागि प्रदान गरिने नगद पुरस्कार तथा अन्य सहयोग सम्झनु पर्छ ।



उप सचिव

प्रशासकीय प्रमुख

सुरेन्द्र बस्नेत
उपाध्यक्ष

(ङ) लघु तथा घरेलु उद्यम भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ को परिच्छेद ३ उद्योगको बर्गीकरण तथा स्थिर पुँजीको दफा १७ को (क) र (ख) मा उल्लेखित उद्योगलाइ सम्झनु पर्छ ।

४. **प्रतियोगिता सञ्चालन प्रक्रिया :** यो प्रतियोगिता सञ्चालन गर्नका लागि देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्ने छ :-

क. प्रदेशस्थित युवा लक्षित शशर्त कार्यक्रम सञ्चालन गर्न तोकिएको मन्त्रालय वा परिषद्ले वि.सं.२०८० साल चैत मसान्त भित्र सम्वन्धित प्रदेश स्तरको यो कार्यक्रम सम्पन्न गरिसक्नु पर्नेछ ।

ख. सम्वन्धित प्रदेशले आफ्नो क्षेत्रका जिल्ला भित्रका १६ देखि ४० वर्ष उमेरसमूह भित्रका नवउद्यमी युवाहरूबाट आफूले सञ्चालन गरिरहेको व्यवसायको विस्तृत विवरण सम्बन्धी व्यवसायिक प्रोफाईल पेश गर्नका लागि ३० दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

ग. उक्त म्याद सकिएको दिन कार्यालय समय समाप्त भएपश्चात् देवनागरी लिपिको वर्णानुक्रमअनुसारको प्रतियोगीहरूको नामावली तयार गरी नवउद्यमी नामावली सूचनापाटीमा प्रकाशन गर्नुपर्नेछ ।

घ. नवउद्यमीहरुबाट प्राप्त व्यावसायिक प्रोफाईल मूल्यांकन गर्न मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

ङ. मुल्यांकन समितिले आवश्यकता अनुसार उद्यमको स्थलगत निरीक्षण पश्चात् नवउद्यमी प्रतियोगीहरुको प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति तय गर्नुपर्नेछ ।प्राप्त प्रस्तावहरुमध्ये कम्तीमा ९ वटालाइ short list गरी अन्तिम मूल्याकन गर्नुपर्नेछ ।

च. नवउद्यमी प्रतियोगीको सङ्ख्याका आधारमा समयमा नै मूल्याकन तथा छनौट कार्य सम्पन्न हुने गरी प्रतियोगिताको कार्यक्रम प्रारम्भ गरी प्रतियोगीहरूलाई देवनागरी लिपिको वर्णानुक्रम अनुसारको पालोमा मूल्याङ्कनकर्ता, सहभागी तथा दर्शक स्रोता समक्ष प्रस्तुतीको व्यवस्था मिलाउनु पर्नेछ ।

छ. स्थलगत निरीक्षण र भौतिक प्रस्तुतीको मुल्यांकनका आधारमा नतिजा घोषणा गर्नुपर्नेछ । पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई यस कार्यविधिमा तोकिएको ढाँचामा प्रमाणपत्र तयार गरी पुरस्कार र प्रमाणपत्र प्रदान गर्नेछ साथै पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई सिफारिस सहित संघिय स्तरमा हुने कार्यक्रममा सहभागी हुन पठाउनु पर्नेछ ।

५. **मूल्याङ्कन समिति :** प्रतियोगिताको मूल्याङ्न समिति गठन र पारिश्रमिकको व्यवस्था देहाय अनुसार हुनेछ :-

(१) प्रदेशस्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्न समिति गठन गर्नुपर्ने छ :-

क. कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश मन्त्रालयको युवा तथा खेलकुद क्षेत्र हेर्ने सम्बन्धित महाशाखा प्रमुख वा प्रदेश युवा परिषद्ले तोकेको - संयोजक

ख. कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश मन्त्रालय वा प्रदेश युवा परिषद्ले तोकेको क्याम्पसका वाणिज्य/व्यवस्थापन विषयका प्राध्यापक मध्येबाट १ जना - सदस्य



उप सचिव प्रशासकीय प्रमुख उपाध्यक्ष

ग. कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश मन्त्रालय वा प्रदेश युवा परिषद्ले तोकेको घरेलु तथा लघु उद्योग सम्बन्धी विज्ञ १ जना - सदस्य

(२) संघीयस्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्न समिति गठन गर्नुपर्ने छ :-

क. राष्ट्रिय युवा परिषद् युवा विकास तथा उद्यम शाखा प्रमुख - संयोजक

ख. राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको विश्वविद्यालयहरुका प्राध्यापकहरु मध्येबाट १ जना - सदस्य

ग. राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको घरेलु तथा लघु उद्योग सम्बन्धी विज्ञ -सदस्य

व्यवस्थापक कर्मचारी बढीमा २ जनालाइ मूल्याङ्कन समितिमा सहभागी गराउन सकिनेछ ।

मूल्याङ्कन समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता र तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ ।

**६. नवउद्यमीहरुको प्राथमिकता निर्धारण** : प्राप्त प्रस्तावहरु मध्ये लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उत्पादनमूलक उद्यम/व्यवसायलाइ प्राथमिकता दिनुपर्नेछ ।लघु उद्यम देहायको मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

- घर जग्गा बाहेक बढिमा बीस लाख रुपैयासम्मको स्थिर पुंजी रहेको ।
- उद्यमी स्वय् उद्योगको सञ्चालन र व्यवस्थापनमा सलग्न रहेको ।
- बार्षिक कारोबार एक करोड रुपैयाभन्दा कम रहेको ।
- इञ्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बिद्युतिय उर्जा इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट भन्दा कम रहेको

**घरेलु उद्यम देहायको मापदण्ड भित्र परेको हुनुपर्नेछ ।**

- परम्परागत सीप र प्रविधिमा आधारित
- श्रममूलक र खास सीप वा स्थानीय कच्चा पर्दाथ स्थानीय प्रविधि कला तथा सस्कतिमा आधिरत
- इञ्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको बिद्युतीय उर्जा प्रयोग गरेको

अन्य मापदण्डहरु

लघु तथा घरेलु उद्यम एक बर्षदेखी सन्चालनमा रहेको हुनुपर्ने र पाँच बर्षभन्दा पुरानो लाइ समावेस गराइने छैन ।अनुसूची १ मा उल्लेखित विवरणहरु समावेस गरी उद्यम प्रोफाइल सहित निवेदन पेश गर्नुपर्ने छ । उद्यममा नवप्रर्वतन/श्रृजनात्मकता भएको ,स्थानीय श्रमशक्ति र कच्चापदार्थमा आधिरत उद्यम, उद्यमवाटवाट उत्पादन हुने वस्तु तथा सेवाको खपत स्थानीय बजारमै हुने र



उप सचिव प्रशासकीय प्रमुख सुरेन्द्र बस्नेत उपाध्यक्ष

स्टार्टअप सपोर्टको आवश्यकता/औचित्यता पुष्याइ भएको नवउद्यमलाइ बिशेष प्राथमिकता दिइनेछ ।

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ सानोठिमी, भक्तपुर

७. नवउद्यमीहरुको प्रस्ताव मूल्याङ्कनका आधारहरु :

१. प्रदेशस्तरमा हुने प्रतियोगिताको मूल्याङ्कनका आधार र पूर्णाङ्क देहाय अनुसार हुनेछन् ।

| मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क |
|---|---|
| उद्यमको वर्णनात्मक भिडियो कम्तिमा ५ मिनेटको | १० |
| उद्यममा नवप्रर्वतन/श्रृजनात्मकता | १० |
| उद्यममा प्रयोग भएको जनशक्ति र कच्चापदार्थ | १० |
| उद्यमबाटबाट उत्पादन हुने वस्तु तथा सेवाको बजार | १० |
| उद्यमको स्थलगत अनुगमन आवश्यकतानुसार | २० |
| लगानी र प्रतिफल | १० |
| स्वरोजगार/रोजगारी सृजनाको सम्भाव्यता | १० |
| जोखिम लिने क्षमता | १० |
| स्टार्टअप सपोर्टको आवश्यकता/औचित्यता | १० |
| जम्मा | १०० |

नोट : उद्यमको स्थलगत अनुगमन गर्न प्राविधिक कारणले नसकिने अवस्था भएमा उद्यमको वर्णनात्मक भिडियो र उत्पादित बस्तु वा सेवाको प्रस्तुतीलाई थप अंकभार दिई मूल्यांकन गर्नु पर्नेछ ।

२. संघीयस्तरको प्रतियोगिताको मुल्यांकन अनुसुची -२ र ३ बमोजिम बमोजिमको ढाँचामा गरिनेछ ।

३. तीनजना मूल्याङ्कनकर्ताहरुलाई प्रतियोगीको नामावलीसहितको अलग अलग मूल्याङ्कन फाराम वितरण गरी उल्लिखित मूल्याङ्कनको आधारहरूमा स्वतन्त्र रूपमा मूल्याङ्कन गर्न लगाई समष्टिगत मूल्याङ्कन फाराममा तीनै जना मूल्याङ्कनकर्ताको अङ्क जोड जम्मा गरेर दस्तखत गरी नतिजा घोषणा गर्नुपर्ने ।

४. मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कन अन्तिम हुने छ । यसउपर कुनै पुनरावेदन हुने छैन ।

५. यस कार्यविधिमा उल्लेख नभएका मूल्याङ्कनसम्वन्धी अन्य प्रक्रिया मूल्याङ्कन समितिले व्यवस्थित गर्न सक्ने छ।

८. प्रतियोगिताको पुरस्कार तथा सम्मान : (१)प्रदेशस्तरीय प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने युवालाई प्रदेशले प्रमाणपत्र र देहाय अनुसारको नगद पुरस्कार दिनुपर्ने छ ।साथै प्रतियोगितामा सहभागी सबै युवाहरुलाई सहभागिताको प्रमाणपत्र दिनुपर्नेछ ।

| | |
|---|---|
| क. पहिलो स्थान हासिल गर्ने एकजनालाई | रु.१०००००। |
| ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई | रु. ७५०००। |
| ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.५००००। |



उप सचिव प्रशासकीय प्रमुख सुरेन्द्र बस्नेत उपाध्यक्ष

२.संघीय स्तरको प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने प्रतियोगीहरुलाई देहाय अनुसारको नगद पुरस्कार उपलब्ध गराईनेछ ।

| | |
|---|---|
| क. पहिलो स्थान हासिल गर्ने एकजनालाई | रु.१२५,०००। |
| ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.१०००००। |
| ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.७५,०००। |
| घ. सान्त्वना पुरस्कार २ जनालाई | रू.५०,०००। का दरले |

**९.प्रदेश स्तरीय प्रतियोगिताको खर्च व्यवस्थापन** : प्रदेशस्तरमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेशहरुलाई शसर्त अनुदान स्वरुप नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमवाट कार्यक्रमको नवउद्यमीको आबश्यकता अनुसार स्थलगत अनुगमन खर्च वैठक भत्ता,मूल्याङ्कन समितिको खर्च, खाजा खर्च ,कार्यक्रम स्थलको व्यवस्थापन, प्रमाणपत्र, पुरस्कार र स्थानीय तहबाट आउने सहभागीहरुको दैनिक तथा भ्रमणभत्ता लगायत प्रतियोगिता सञ्चालन सम्बन्धी आवश्यक पर्ने शिर्षकहरुमा खर्च गर्नु पर्नेछ ।

**१०. प्रतियोगिताको प्रतिवेदन** : प्रत्येक प्रदेशबाट प्रदेश स्तरको कार्यक्रम सम्पन्न गरी कार्यक्रममा सहभागी नवउद्यमी प्रतियोगीहरुको नामथर, ठेगाना, उमेर, सम्पर्क नं र उद्यमको विवरण समेत समाविष्ट गरी सो कार्यक्रमको विस्तृत प्रतिवेदन राष्ट्रिय युवा परिषद्को इमेल ठेगाना info@nyc.gov.np मा पठाउनु पर्नेछ ।

**११. प्रदेश तहको भुमिका र जिम्मेवारी:** ससर्त अनुदानबाट उपलब्ध बजेटबाट प्रदेशस्तरमा सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा प्रदेश तहको भूमिका र जिम्मेवारीहरु निम्नानुसार हुनेछन्:-

क. राष्ट्रिय युवा परिषद् सँग समन्वय गरी प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्न स्थान, मिति र समय तोक्ने र सम्वन्धित नवउद्यमी प्रतियोगीहरुलाई जानकारी गराउने ।

ख. प्रस्ताव पेश गर्ने नवउद्यमी युवाहरुलाई सहभागी गराई प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्ने ।

ग. नवउद्यमी प्रतियोगी सहभागीहरुलाई नियमानुसारको दैनिक तथा भ्रमण भत्ताको व्यवस्था गर्ने ।

घ. प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रम समयमै सम्पन्न गर्न गराउन आवश्यक समन्वय प्रदेशको सम्बन्धित मन्त्रालयले गर्ने गराउने ।

ङ. प्रदेश स्तरको कार्यक्रममा अतिथि तथा श्रोता आमन्त्रण, कार्यक्रम स्थल निर्धारण, मूल्यांकन समिति गठन तथा बैठक र पारिश्रमिक भुक्तानी, पुरस्कार तथा प्रमाणपत्रको व्यवस्थापन प्रदेशको सम्बन्धित निकायले गर्ने गराउने ।

च. प्रतियोगिता सम्पन्न भएपछि सोको विवरण उल्लेख गरिएको प्रतिवेदन राष्ट्रिय युवा परिषदमा पठाउनु पर्नेछ ।

१२. समन्वय तथा सहजीकरण: प्रदेशले कार्यक्रम गर्दा राष्ट्रिय युवा परिषदको समन्वयमा गर्नुपर्नेछ । कार्यक्रमको अनुगमन तथा सहजीकरणका लागि राष्ट्रिय युवा परिषदले सम्बन्धित कर्मचारी खटाउनेछ ।

१३. संघीय तहको प्रतियोगिता सञ्चालन:

क. प्रदेश तहमा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गरेका प्रतियोगीहरुलाई समावेश गरी संघीयस्तरको प्रतियोगिता सञ्चालन गरिनेछ ।

ख. यो कार्यक्रम प्राविधिक प्रकृतिको भएकोले स्वीकृत नर्म्सका साथै नर्म्समा स्पष्ट उल्लेख नभएका विषयहरुमा आवश्यकता र औचित्यको आधारमा कार्यकारी उपाध्यक्ष स्तरको निर्णय बमोजिम खर्च गरी कार्यक्रम सम्पन्न गरिनेछ ।

ग. संघीयस्तरको प्रतियोगिता काठमाण्डौ उपत्यकाभित्र सञ्चालन गरिनेछ ।

घ. संघीय स्तरमा सञ्चालन हुने कार्यक्रममा पालिकाबाट काठमाडौ सम्म जाँदा आउँदाको कम्तीमा ३.२५ र दुरी हेरी बढिमा ७ दिनसम्मको प्रतिदिन रु.१,२००/- का दरले दैनिकभत्ता र नियमानुसारको बस भाडा तथा आवश्यकता अनुसार प्रदर्शनीका लागि निर्मित सामग्रीको ढुवानी खर्च लाग्ने प्रकृतिको देखिएमा ढुवानी बापत बढीमा रु ५०००। (पाँच हजार) उपलब्ध गराईनेछ।

ङ. संघीय तहको प्रतियोगितामा छनौट भई आएका नवउद्यमीहरुका लागि आवश्यकता अनुसार उद्यमशिलता तालिम /इन्क्युबेशन तथा थप सहयोगका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१४. फाराम तथा प्रमाण पत्रको नमूना : यो कार्यक्रम सञ्चालनको क्रममा प्रयोग गरिने फाराम तथा प्रमाण पत्रहरुको नमूना अनुसूचिमा राखिएको छ ।

१५. बाधा अडकाउ फुकाउ : यो कार्यप्रक्रियाको कार्यान्वयनमा कुनै समस्या आएमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी कार्यकारी उपाध्यक्ष ज्यूबाट बाधा अडकाउ फुकाउन सकिनेछ ।

उप सचिव

प्रशासकीय प्रमुख

उपाध्यक्ष

अनुसूची १

प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०८०/ /.......

श्री.............. प्रदेश

..............................................

विषय :- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन प्रतियोगितामा सहभागी हुन पाऊँ ।

प्रस्तुत विषयमा ताहाँको मिति / / गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम देहायका विवरण तथा कागजातहरु संलग्न गरी कार्यक्रममा सहभागीताका लागि निवेदन पेश गर्दछु ।

(१) उद्यमसँग सम्बन्धित विवरणहरु

(क) उद्यमको संक्षिप्त परिचय:

उद्यमको नाम:

रजिष्टर्ड ठेगाना:

सञ्चालक/ व्यवस्थापकको नाम

सम्पर्क फोन न:

ईमेल ठेगाना:

उद्यम सञ्चालन स्थल:

पुँजीको विवरण : ( स्थिर पुँजी घर जग्गा बाहेक )

वित्तिय श्रोत तथा लगानी: (आन्तरिक बाह्य लगानी)

कच्चा पदार्थको श्रोत: (स्वदेशी , विदेशी, स्थानीय रुपमा उपलब्ध, वा बाहिरबाट ल्याउनुपर्ने)

प्रमुख उत्पादन वस्तु वा सेवा: (हालको उत्पादन)

वार्षिक उत्पादन क्षमता:

वजार: (स्थानीय , क्षेत्रिय, राष्ट्रिय , अन्तराष्ट्रिय)

(ख) जनशक्तिको विवरण: स्थानीय बाह्य हाल कार्यरत र थप रोजगारी सृजनाको सम्भावना:

(ग) नविनतम प्रविधि वा रणनीतिको प्रयोग सम्बन्धि विवरण:(वस्तु /सेवा उत्पादन प्रकृया वा वितरण प्रकृया वा व्यवस्थापन वा वजारीकरणमा अपनाईएको नवीनतम रणनितिको विवरण)

(घ) वार्षिक कारोबार रकम:

(ङ) उद्यम सञ्चालनमा देखिएका समस्या:

(च) समस्या समाधानका लागि गरिएका प्रयास:

(छ) उद्योगको भावी सम्भावना सहितको कार्य योजना:

उप सचिव

प्रशासकीय प्रमुख

सुरेन्द्र बस्नेत
उपाध्यक्ष

(ज) स्टार्टअप सपोर्टको आवश्यकता/औचित्यता :

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

संलग्न विवरण तथा कागजातहरू :-

क. उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफाईल

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग. उद्यम दर्ता तथा नविकरणको प्रतिलिपि

घ. लेखा परीक्षण प्रतिवेदन

ङ. स्थानिय तहको सिफारिस

च. उद्यमको वर्णनात्मक भिडियो कम्तिमा ५ मिनेटको

निवेदक

दस्तखत : ......................

नाम, थर : ............................

उद्यमको नाम र छाप

उप सचिव

प्रशासकीय प्रमुख

सुरेन्द्र बस्नेत
उपाध्यक्ष

अनुसूची २

मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

.......स्तरीय नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

## मूल्याङ्कन फाराम

| क्र.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उद्यमको भिडियो र उत्पादितवस्तु/सेवाको प्रस्तुतीकरण यसको नविनता (१०) | नवउद्यमको लागी स्टार्ट अप सपोर्टको अवश्यकता र यसको व्यवहारिक पक्ष (१०) | नवउद्यमको उपादेयता, सान्दर्भिकता (सामाजिक/प्राविधिक/वातावरणीय/आर्थिक) र विश्वसनियता (२०) | उत्पादन हुने वस्तु तथा सेवाको बजार (२०) | लगानी र प्रतिफल (१०) | जोखिम लिने क्षमता (१०) | स्वरोजगार/रोजगारी सृजनाको सम्भाव्यता (२०) | जम्मा (१००) |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

..............................

मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- ................................

कोड :- क/ख/ग



उप सचिव

प्रशासकीय प्रमुख

सुरेन्द्र बस्नेत

अनुसूची ३

मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

.......स्तरीय नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

## समष्टिगत मूल्याङ्कन फाराम

| क.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मूल्याकनकर्ता क | मूल्याकनकर्ता ख | मूल्याकनकर्ता ग | जम्मा | औसत | नतिजा | कैफियत | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

.............................. .............................. ..............................

मूल्याङ्कनकर्ताको दस्तखत मूल्याङ्कनकर्ताको दस्तखत मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- .............................. नाम :- .............................. नाम :- ..............................

कोड :- कोड :- कोड :-

मिति :- / /

प्रदेश सरकार

.................... मन्त्रालय

....................

# प्रमाण-पत्र

श्री ..................,

.............., ................. ।

................प्रदेशको आयोजनामा सञ्चालित "नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम .................. प्रदेशको प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भई ........... स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु........../- (.......... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि यहाँको थप योगदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| कार्यक्रम संयोजक | मूल्याङ्कन समिति संयोजक | प्रमुख अतिथि |

मिति :- २०८०/ /

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद्

सानोठिमी,भक्तपुर

राष्ट्रियुवा परिषद्-नेपाल २०७२

# प्रमाण-पत्र

श्री .................,

..............., ................. ।

राष्ट्रिय युवा परिषद्द्वारा आयोजित **"नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम** अन्तर्गत **संघीय स्तरको प्रतियोगितामा** सहभागी भई **............** स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु......./- (........... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि भविष्यमा यहाँको उल्लेखनीय योगदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| ............................ | ............................ | ............................ | ............................ |
|---|---|---|---|
| कार्यक्रम संयोजक | प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष | प्रमुख अतिथि |

युवा विकास तथा उद्यम प्रवर्धन शाखा

मिति :- २०८०/ /